का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ चैत २०७८,
सोमबार
21 March 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ४४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## आचारसंहिताविरुद्ध सर्वोच्चमा रिट



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ चैत ।

निर्वाचन आयोगले सार्वजनिक गरेको स्थानीय तह निर्वाचन आचारसंहिताविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ। हाल बहाल रहेका जनप्रतिनिधिले उम्मेदवार बन्न चाहे मनोनय दर्ता अघि नै राजीनामा दिनुपर्ने हुन्छ । यस्तो प्रावधान संविधानको मर्म विपरित रहेको भन्दै आइतबार सर्वोच्च अदालतमा रिट दाय भएको हो ।

सिन्धुपाल्चोक हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले आइतबार सर्वोच्च दायर गरेको रिटमा 'स्थानीय तहको निर्वाचनमा उम्मेदवार बन्न निर्वाचित जनप्रतिनिधिले राजीनामा दिनुपर्ने प्रावधान खारेज' गर्न माग राखिएको छ। यो प्रावधान संविधान र प्रचलित कानुनविपरीत रहेको उनको जिकिर छ।

रिट निवेदकले प्रधानमन्त्री वा मन्त्री संसद्को निर्वाचनमा उम्मेदवार हुँदा पद छाड्नु नपर्ने तर गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष वा वडा सदस्यको उम्मेदवार हुँदा राजीनामा दिनुपर्ने अनौठो सिद्धान्त प्रतिपादन गर्न खोजेको भनी प्रश्न उठाएका छन्। यस्तै प्रश्न प्रमुख विपक्षी नेकपा एमालेले पनि उठाएको थियो र संशोधनका माग राखेको थियो । तर, आइतबार जनप्रतिनिधिले नै सर्वोच्च अदालतमा रिट दायर गरेका हुन् ।

### मंगलबार सुनुवाइ

आचारसंहिताविरुद्ध परेको रिट निवेदकलाई आगामी मंगलबार सुनुवाइ हुनेछ । निवेदक शेर्पाले आफुलाई सुनुवाईका लागि मंगलबार बोलाईको जानकारी दिए ।

रिट निवेदकले आचारसंहितामा नेपालको संविधानको धारा १७ (२) (च), १८ (१), २५ र १२५ (८) (क), स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा १३ (ध) को विपरीत भएको जिकिर गरिएको छ । राजीनामा बाध्यकारी नभई स्वेच्छिक हुने पनि निवेदमा उल्लेख छ ।

'निर्वाचन आचारसंहिता जारी गरी राजीनामा दिन बाध्य गराउन मिल्दैन' रिटमा भनिएको छ, 'राजनीतिक व्यक्तिको निर्वाचन लड्ने हक समाप्त पार्ने गरी निर्वाचन आचारसंहिता जारी हुन सक्दैन ।'

## दुई न्यायाधीश नियुक्त

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ६ चैत ।

दुई जना जिल्ला न्यायाधीशमा नियुक्त भएका छन् । न्याय सेवा आयोगको आइतबार बसेको बैठकले प्रतिस्पर्धाबाट उत्तर्ण भएका भुवन गिरी र ओमबहादुर सोडारीलाई जिल्ला न्यायाधीश नियुक्त गर्ने निर्णय गरेको हो। बैठकले कानुन समूहका पाँच जना सहसचिवको सरुवा गरेको छ ।

कानुन आयोगमा रहेका सहसचिव अर्जुन खड्कालाई अर्थ मन्त्रालय, प्रधानमन्त्री कार्यालयका कोशलचन्द्र सुवेदीलाई कानुन मन्त्रालय, अर्थमन्त्रालयका पाराश्वर ढुंगानालाई कानुन आयोगमा, प्रदेश सचिव रहेका टिकाराम पाण्डेलाई प्रधानमन्त्री कार्यालय र गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहेका – बाँकी पृष्ठ २ मा



स्थानीय तहको चुनावका लागि नेपाल प्रहरीले एक लाख म्यादी (अस्थायी प्रहरी) प्रहरीको निम्ति आइतबारदेखि आवेदन लिन थालेको छ । देशभर जस्तै चितवनमा पनि म्यादीका लागि आवेदन दिनेको भीड लागेको थियो । तस्वीरः सुरेन कुँवर, रासस

# मतदाता फकाउँदै नेताहरू



नेकपा एमालेले आइतबार इलाममा गरेको सभा (बायाँ) । सुर्खेतमा नेकपा माओवादी केन्द्रको कार्यक्रम (दायाँ) ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ६ चैत ।

स्थानीय तह निर्वाचनको मिति नजिकिएसँगै प्रमुख दलका शीर्ष नेताहरु गाउँगाउँ पुग्न थालेका छन्। अरू पार्टीको भन्दा भिन्न कार्यशैली सहित जनताको हितमा काम गर्ने दावी सहित शीर्ष नेताहरु मतदाता फकाउने प्रयोजनका निम्ति गाउँ पुग्न थालेका हुन् ।

नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी जसपा लगायत दलका नेता-कार्यकर्ता गाउँ फर्किन थालेका छन्। कांग्रेसले त फागुन २९ गतेदेखि चैत २९ गतेसम्म एक महिने चुनावी अभियान नै चलाएको छ।

स्वास्थ्यमा समस्या देखिएको कारण सावर्जनिक कार्यक्रममा कमै निस्कने एमालेका अध्यक्ष केपी ओली पनि गाउँगाउँ पुगेर आफ्नो पार्टीलाई भोट माग्न थालेका छन् । ओली आइतबार मात्रै इलामको कन्याम पुगेका थिए। पूर्वप्रधानमन्त्री झलनाथ खनालले एमाले छोडेपछि उनको गृह जिल्ला इलाममा ओलीले चुनावी सभा गरेका छन्।

> स्थानीय चुनावको मिति नजिकिएपछि मतदाता फकाउन प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूको सक्रियता बढेको छ । आगामी चुनाव केन्द्रीत सभा गरिरहेका दलका नेताहरूले आफ्नो पार्टी मात्रै जनहितमा काम गर्न दावी गरिरहेका छन् ।

इलाम पुगेर ओलीले आफ्नो पार्टीप्रतिको जनविश्वास बढेको दावी गरे । ओलीले आगामी चुनावबाट अन्य दल बढारिने बताए । 'फेरि एमालेलाई बहुमत ल्याउन रोक्न लागेका छन् । नङ नगाडे हुन्छ । ओइलिएका पात झर्न सक्छन् । एमालेको सूर्य सतीसाल भएर उभिन्छ', अध्यक्ष ओलीले भने, 'देशभर पाँच दललाई आउने चुनावमा एउटै कुच्चाले बडार्नेछ । हामी चुनाव पर्खिरहेका छौं ।'

कांग्रेस सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा पनि कांग्रेस मात्रै जनताको पक्षमा काम गर्ने पार्टी भएको दाबी गर्छन्। नेपाली जनताको पक्षमा हकहितमा काम गर्ने पार्टी नेपाली कांग्रेस हो, पून हामीलाई जनताले विश्वासका साथ बहुमत दिए देश बनाउने छौं, एक कार्यक्रम सम्बोधन गर्दै उनले भने। उनले आगामी चुनावमा गठबन्धन गर्ने र बहुमत प्राप्त गर्ने विश्वास समेत व्यक्त गरेका छन् ।

तर, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड चुनावको चिन्तित देखिन्छन्। कसैसँग गठबन्धन बिना जाँदा पार्टी नै पत्तासाफ हुने हो कि भनेर उनी कहिले कांग्रेस, कहिले एमाले, कहिले एकीकृत समाजवादी त कहिले जसपासँग मिलेर अघि बढ्ने बताइरहेका छन् ।

यद्यपि, उनका केही नेता भने माओवादी केन्द्रले सधैं जनताको पक्षमा काम गरेकाले आफूहरुलाई भोट दिएर जिताउन अपील गरिरहेका छन्। एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल पनि सूर्य चिन्हमा ग्रहण लागिसकेको हुँदा कलममा भोट हाल्न अपील गर्न थालेका छन्। 'अब, एमालेको काम छैन, सूर्य चिन्हमा ग्रहण लागिसकेको छ, अब समृद्धि कलमले ल्याउँछ,' उनले गोरखाको एक कार्यक्रममा पुगेर भने ।

अध्यक्ष नेपाल पनि चुनाव नजिकिएसँगै – बाँकी पृष्ठ २ मा

## कांग्रेसले चैतभित्रै उम्मेदवार टुंग्याउने

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ चैत ।

नेपाली कांग्रेसले चैत महिनाभित्र आगामी स्थानीय तहको निर्वाचनका लागि उम्मेदवार टुंग्याउने भएको छ । पार्टीको विधि अनुसार चैतभित्रै उम्मेदवार चयन गरेर जान लागिएको कांग्रेसका प्रवक्ता प्रकाशशरण महतले जानकारी दिए ।

उनका अनुसार, समयमै उम्मेदवार तय गर्दा त्यसको सकारात्मक प्रभाव पर्ने भएकाले कांग्रेस छिट्टै उम्मेदवार तय गर्ने रणनीति बनाएको छ। आइतबार नेपाल प्रेस युनियन सल्यानले गरेको पत्रकार सम्मेलनमा प्रवक्ता महतले भने, 'चैत्रभित्रै उम्मेदवारको टुंगो लगाउँछौं, त्यसपछि एक महिनासम्म उम्मेदवारलाई लिएर प्रचारमा जान्छौं।' नेपाली कांग्रेसको विधान अनुसार स्थानीय तहको उम्मेदवारको टुंगो लाग्न चार तहमा गठित समिति पार हुनुपर्छ।



> स्थानीय तहमा चुनावी गठबन्धन गर्ने विषयलाई लिएर सत्तारुढ दलहरुभित्र छलफल चलिरहेका बेला कांग्रेसले केन्द्रीय समितिको बैठक बोलाएर निर्णय लिन लागेको छ । कांग्रेसले चैत महिनाभित्र टुंग्याउने उम्मेदवार टुंग्याउने तयारी गरेको छ ।

कांग्रेसको विधानले तल्ला तहबाटै उम्मेदवार चयनको व्यवस्था गरेको छ। यदि तल्ला तहले उम्मेदवारको चयन गर्न सकेनन् भने केन्द्रले हस्तक्षेप गर्नेछ। जुन तहको उम्मेदवार हो, त्यो त्यहीबाट टुंग्याउन नसकिए जिल्ला र प्रदेशले प्रयास गर्छ त्यहाँ पनि सम्भव नभए केन्द्रसम्म आइपुग्छ। र केन्द्रले उम्मेदवार चयनमा हस्तक्षेप गर्छ। यसलाई कांग्रेसको विधानले नै स्वीकार गरेको छ। तर, ती उम्मेदवारहरु चयन गर्ने समितिहरु नै गठन नै भइसकेका छैनन्। तथापि, समिति गठन गर्ने विषयमा समय नलाग्ने भएकाले समिति गठन गरेरै चैत्र महिनाभित्रै उम्मेदवारको टुंगो लगाउने प्रवक्ता महतले बताएका छन्।

### गठबन्धनबारे केन्द्रले निर्णय लिने

स्थानीय चुनावमा गठबन्धन गर्ने विषयमा कांग्रेसले केन्द्रबाट नै निर्णय लिने भएको छ। सत्ता गठबन्धनमा सम्बद्ध दलहरूसँग गठबन्धन गर्ने वा नगर्ने भन्ने विषयमा कांग्रेसले केन्द्रीय कार्यसमितिको बैठकबाट निर्णय लिने भएको हो।

आगामी शुक्रबार दिउँसो २ बजे केन्द्रीय कार्यालय सानेपा ललितपुरमा केन्द्रीय कार्यसमितिको बैठक बस्ने तय भएको छ। सोही बैठकबाट गठबन्धनबारे निर्णय हुने कांग्रेस नेताहरु बताउँछन्। पार्टी प्रवक्ता महतका अनुसार गठबन्धनबारे के हुन्छ निर्क्योल भइसकेको छैन्। 'गठबन्धन गर्ने वा नगर्ने भन्नेबारे सैद्धान्तिक निर्णय केन्द्रीय कार्यसमितिको बैठकले गर्छ' प्रवक्ता महतले भने।

चुनावी गठबन्धनको विषयलाई लिएर प्रदेश र केन्द्रमा सरकारमा रहेका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) बीच छलफल चलिरहेको छ। यही बेला कांग्रेसले केन्द्रीय समितिको बैठक बोलाएर निर्णय लिन लागेको हो।



## अन्तरिम आदेश अस्वीकार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत ।

विवेकशील साझा विरुद्ध संयोजक मिलन पाण्डेको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । विवेकशील साझा पार्टी, अध्यक्ष रवीन्द्र मिश्र एवम् निर्वाचन आयोगलाई विपक्षी बनाई पाण्डेले दायर रिट निवेदनमा आइतबार सुनुवाई गर्दै सर्वोच्चले अन्तरिम आदेश दिन अस्वीकार गरेको हो ।

विवेकशील साझा पार्टीबाट सदस्यसमेत नरहने गरी निष्कासित भएपछि पाण्डेले आफूमाथि पार्टीले गरेको कारबाही विरुद्ध रिट दिएका थिए । उनले पार्टीको विधान २०७८ खारेज गरि अघिल्लो विधान कायम गर्न माग गर्दै दायर गरेको रिट दिएका थिए ।

उक्त रिटमाथि आइतबार सर्वोच्च अदालतका न्यायाधीश द्वय ईश्वरप्रसाद खतिवडा र सुष्मालता माथेमाको संयुक्त इजलासले दुवै पक्षको छलफल पश्चात् निवेदकको माग बमोजिम अन्तरिम आदेश दिनु नपर्ने भनी आदेश दिएको हो ।

पाण्डेले गत फागुन १३ गते पार्टीको कारबाहीको निर्णय प्रमाणीकरण र अद्यावधिक गरेकोमा निर्वाचन आयोग समेतलाई विपक्षी बनाई सर्वोच्चमा रिट दायर गरेका थिए ।

# मञ्चको अध्यक्षमा भण्डारी विजयी, गुरुङ पराजित

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत

नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको अध्यक्षमा राजेन्द्र भण्डारी विजयी भएका छन् । मञ्चको स्थापनाकालदेखि नै सक्रिय भण्डारी यसअघि मञ्चको कार्यवाहक अध्यक्ष थिए ।

स्काई जोन पार्टी प्यालेस धुम्बाराहीमा आइतबार भएको मतदानमा भण्डारीले आफ्ना प्रतिद्वन्द्वी मञ्चका पूर्व उपाध्यक्ष तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व अध्यक्ष रोहन गुरूङलाई ४८ मतान्तरले पराजित गरे । साधारणसभाका लागि सदस्यता नवीकरण गराएका मञ्चका २ सय १२ व्यवसायीमध्ये नेतृत्व छनोटको मतदानमा जम्मा १ सय २९ जनाले भाग लिएका थिए । अध्यक्षमा विजयी भण्डारीले ८७ र उनका प्रतिद्वन्द्वी गुरूङले ३९ मत पाएको निर्वाचन समितिका संयोजक टंक राउतले जानकारी दिए । राउतका अनुसार खसेको तीन मत बदर भएको छ ।



करिब ४० प्रतिशत मतदाता व्यवसायी मतदानमा सहभागी भएनन् । अध्यक्षका लागि पूर्व अध्यक्षहरू हरि बहादुर पाण्डे क्षेत्री र मञ्चका पूर्व उपाध्यक्ष भीष्म राज शर्मा शिवाकोटीले पनि उम्मेद्वारी दिएका थिए । गुरूङका पक्षमा समर्थन जनाउँदै क्षेत्रीले आफ्नो उम्मेदवारी फिर्ताको घोषणा गरेका थिए ।

करिब एक साता अघि गत सोमबार उद्घाटन भएको मञ्चको अधिवेशनको बन्दशत्र अन्तर्गत – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## पाण्डेद्वारा व्यवसायी राजनीतिबाट सन्यास घोषणा



**काठमाडौं/मस–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको अध्यक्षका उम्मेद्वार हरि बहादुर पाण्डे क्षेत्रीले वैदेशिक रोजगार संस्थाको राजनीति परित्याग गरेको बताएका छन् ।

नेकपा एमाले निकट मञ्चको पाँचौं साधारणसभा तथा अधिवेशनमा पाण्डे अध्यक्षका उम्मेद्वार थिए । आइतबार बिहानसम्म अध्यक्षको उम्मेद्वारमा टसकोमस नभएका पाण्डेले अध्यक्षका प्रत्यासी संघका पूर्व अध्यक्ष रोहन गुरूङलाई समर्थन गर्दै पछि हटेका थिए। आफुलाई अध्यक्षका लागि अघि बढाउने मञ्चका केही – बाँकी पृष्ठ २ मा

# एआईजी बढुवा सिफारिसविरुद्ध उजुरी



**काठमाडौं/मस-** नेपाल प्रहरीमा हालै भएको प्रहरी अतिरिक्त महानिरीक्षक एआईजी बढुवा सिफारिसविरुद्ध केही डीआईजीहरुले लोक सेवा आयोगमा उजुरी दर्ता गराएका छन् ।

बढुवा सिफारिसप्रति असन्तुष्ट रहेका केही डीआईजीहरुले आयोगको बढुवा पुनरावलोकन समितिमा उजुरी दर्ता गराएका हुन् ।

बरिष्ठ हुँदाहुँदै कनिष्ठलाई बढुवा सिफारिस गरी आफूहरुलाई अन्यायमा पारिएको भन्दै उनीहरले उजुरी दिएका हुन् ।

अहिले उजुरी दर्ता गराएका प्रहरी अधिकारीहरु आईजीपी शैलेश थापा क्षेत्रीका ब्याची हुन् ।

एआईजी बढुवामा आईजीपी थापा क्षेत्रीकै ब्याचका डीआईजीहरु ईश्वरबाबु कार्की, गणेशबहादुर ऐर, घनश्याम अर्याल, पुरुषोत्तम कँडेल, प्रकाशजंग कार्की, राजेशकुमार लाल कर्ण, डा.देवबहादुर बोहरा, सौरभ राणा, रामकृपाल यादव र प्रकाश अधिकारीलगायत दावेदार थिए ।

सरकारले हालै गरेको तीन एआईजी बढुवा सिफारिसमा आईजीपी थापा क्षेत्रका ब्याची एक जना र जुनियर ब्याचका दुई जना परेका छन् । सरकारले थापाका ब्याची बसन्तकुमार पन्त र जुनियरका धिरजप्रताप सिंह र रविन्द्रबहादुर धानुकलाई एआईजीमा बढुवा सिफारिस गर्ने निर्णय गरेको थियो ।

# लालपुर्जाविहीनका बारेमा छानबिन टोली

**राजकुमार पराजुली/रासस**
काभ्रेपलाञ्चोक, ६ चैत

पैतालिस वर्षदेखि लालपुर्जाविहीन काभ्रेपलाञ्चोकको भुम्लू गाउँपालिकास्थित दुई वडाका करिब एक हजार २०० परिवारको जमिनबारे छानबिन गर्न छानबिन टोली फिल्डमा पठाइएको छ ।

दुई वडामा खटेको दुई टोलीले कोरोना सङ्क्रमणको उच्च जोखिमलगायत विभिन्न कारण दुई वर्षदेखि रोकिएको छानबिनको कामलाई निरन्तरता दिने जनाएको छ ।

गाउँपालिकाको वडा नं ७ र ८ मा जग्गा विवाद छानबिन गरी लालपुर्जा वितरण गर्ने उद्देश्यले टोली पठाइएको नापी कार्यालयले जनाएको छ । गाउँपालिका, सम्बन्धित वडा कार्यालय तथा जिल्लास्थित मालपोत र नापी कार्यालयबीच पटक-पटकको छलफलपपछि पुनः टोली पठाउने सहमति भएको हो । 'आन्तरिक विवादलगायत रोकिएको कामलाई निरन्तरता दिन दुई टोली खटाइएको छ उहाँहरुले रोकिएको काम पुनः सुरु गर्नुभएको छ,' नापी कार्यालयका प्रमुख राम विनयकुमार सिंहले भने ।

दुवै वडामा २०७६ साल पुसमा नापी र मालपोतका दुई शाखा स्थापना गरिएकामा नेपालमा पनि कोरोना महामारी फैलिएपछि थालिएको काम रोकिएको थियो । कोरोनाको जोखिम घटेपछि २०७७ मङ्सिरदेखि पुनः काम थालिए पनि केही काम नहुँदै पुनः कोरोनाको दोस्रो लहरले छानबिनलाई थाती राखिदियो । गत पुसदेखि काम पुनः थालिने गरी टोली पठाइने तयारी गरे पनि कोरोना तेस्रो लहरका कारण नसकिएको उनले बताए । त्यसयता छानबिनका लागि टोली पठाउन ती कार्यालय र स्थानीय तहसँग छलफल तथा समन्वय भएको थियो ।

करिब दुई वर्षदेखि स्थानीयस्तरका नापी र मालपोतका ती शाखा कर्मचारीविहीन अवस्थामा थिए । फिल्डमा खटेको नापीको टोली स्थापनाको केही महिनापछि नै फर्किएपछि ४५ वर्षदेखि लालपुर्जाको पर्खाइमा बसेका करिब एक हजार दुई सय परिवारमा पुनः निराशा छाउनका साथै लालपुर्जा वितरणमा थप अन्योल हुँदै आएको थियो ।




साबिकको पीपलटार गाविस फुट्दा भुम्लुटार र फलाँटे गाविस दुवैमा खेतीयोग्य जमिन परेपछि त्यो जमिन कुन गाविसले लिने भन्ने विषयमा विवाद हुँदा विसं २०३२ मा नापी गर्न गएको टोली र दुई गाविसका नेतृत्व तहको विवादका कारण नापी टोली फर्किएको थियो ।

त्यसपछि भुम्लू गाउँपालिकाले सात र आठ नं वडाका बासिन्दाको जग्गाको छानबिन गरी लालपुर्जा दिन जिल्लास्थित कार्यालयमा माग गरेकामा त्यहाँ कार्यालयको दुई शाखा राखिएको थियो । जग्गाको नक्साङ्कन गर्न लाग्दा सीमा विवादका कारण आफ्नै जमिन आफ्नो नाममा नभएपछि करिब एक हजार दुई सय लालपुर्जाविहीनले फिल्डमा खटिएका नापी र मालपोतको दुबै शाखामा २०७७ माघ महिनासम्म लालपूर्जाका लागि निवेदन दिएका थिए । करिब ३०० को लालपुर्जा तयार भइसके पनि कोरोना सङ्क्रमणका कारण करिब डेढ वर्षसम्म जमिन छानबिन गरी लालपुर्जा वितरणको काम रोकिएको कार्यालय प्रमुख सिंहले बताए । 'छानबिन गरी पुर्जा दिन केही व्यक्तिको मृत्यु भइसकेकाले कुन आधारमा नामसारी गर्ने भन्नेबारे थप समस्या सिर्जना भएकाले त्यसबारे गहनरुपमा छलफल र कानुनी आधारमा सहमति गर्नुपर्ने देखिएको छ,'उनले भने ।

साबिकको भुम्लुटार र फलाँटे गाविसबीचको सिमाना विवादका कारण ४५ वर्षदेखि यी दुई तत्कालीन गाविसका सर्वसाधारणले हालसम्म पनि आफूले प्रयोग गर्दै आएको जग्गाको लालपुर्जा प्राप्त गर्न सकेका छैनन् । कार्यालयका अनुसार ७ नं वडास्थित कार्यालयमा ९३२ र ८ नं मा ३१७ थान निवेदन दर्ता भएको छ ।

निवेदन बुझ्ने काम भए पनि थप प्रक्रिया अघि बढेको थिएन । नापीले मालपोतबाट जमिनको सुरुदेखि अन्तिम जग्गाधनी को हुन् भन्नेमा स्रेस्ता आएपछि मात्रै निवेदन दिएका व्यक्तिको जग्गा दर्ता गरी लालपुर्जा दिन सकिने जनाउँदै आएको छ । हाल दुवै वडामा तेस्रो पक्षका व्यक्तिमा किनबेच नभएको जग्गा मात्रै दर्ता गर्न सकिने तथा अन्यको हकमा कानुनी आधारमा निर्क्यौल गरी प्रक्रिया थाल्नुपर्ने देखिएको जनाइएको छ ।

'निवेदनउपर छानबिन गरी जग्गादाताले आवश्यक प्रमाण जुटाउने प्रक्रिया अघि बढिरहेका बेला कोरोनाले काममा असर पाऱ्यो, लामो छलफलपछि कामलाई निरन्तरता दिन कर्मचारी खटेका छन्, अब काम अघि बढ्ला !,'गाउँपालिका अध्यक्ष गुमानध्वन कुँवरले भने ।

# विद्यार्थीहरुको झडप नियन्त्रण गर्न अश्रुग्यास प्रहार



**कपिलवस्तु/मस-** कपिलवस्तुको विजयनगरमा रहेको दुधाधारी माध्यमिक विद्यालयमा विद्यार्थीहरूबीच झडप भएको छ । विद्यार्थीको दुई समूहबीच भएको झडपलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्याससमेत प्रहार गर्नुपरेको थियो ।

तनावग्रस्त भीडलाई तितरवितर पार्न प्रहरीले आठ राउण्ड अश्रुग्यास प्रहार गरेको गणेशपुर प्रहरी कार्यालयका प्रहरी निरीक्षक रणबहादुर विष्टले जानकारी दिए ।

उनका अनुसार होलीको टीकाको विषयमा सुरु भएको विवादले विद्यालय परिसरमा आईतबार दिनभर तनावग्रस्त बनेको हो । होलीका दिन भएको विवाद मिलाउन विद्यालयले आईतबार अभिभावकलाई बोलाएर छलफल गराउन लागेको थियो । छलफल नगरी विद्यार्थीहरू आक्रोशित हुँदै ढुङ्गा प्रहार गरेपछि अवस्था तनावग्रस्त बनेको थियो ।

विद्यालय परिसर झन्डै तीन घण्टासम्म तनावग्रस्त बनेको थियो । झडपमा एक दर्जन सशस्त्र प्रहरी घाइते भएका छन् । उनीहरूको सञ्जीवनी अस्पताल चन्द्रौटामा उपचार भइरहेको छ । विद्यालयमा रहेका एक दर्जन बढी कम्प्युटरमा क्षति पुगेको छ भने झ्याल ढोकाहरू फुटेका छन् । झडपमा आक्रोशित विद्यार्थीहरूले ढुङ्गा प्रहार गरी तोडफोड गरेका थिए । अहिले अवस्था सामान्य रहेको र दुवै समूहका विद्यार्थी अभिभावकबीच छलफल गराई समस्या समाधान गरिएको छ ।

# सात दिनभित्र बक्यौता नतिरे कारवाही




**काठमाडौं/मस-** नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले बक्यौता रकम नतिर्ने सात एयरलाइन्सलाई कारवाही गर्ने भएको छ । पटकपटक ताकेता गर्दा पनि प्राधिकरणले हाल सञ्चालनमा नरहेका तर बाँकी बक्यौता नतिर्ने एयरलाइन्सलाई कारबाहीको तयारी गरेको हो । ती एयरलाइन्सलाई सात दिनभित्र बक्यौता रकम बुझाउन प्राधिकरणले आईतबार सार्वजनिक सूचना नै जारी गरेको छ । बक्यौता रकम नबुझाउने एयरलाइन्सलाई कानूनी दायरामा ल्याइने प्राधिकरणका महानिर्देशक इञ्जिनीयर प्रदीप अधिकारीले जानकारी दिए ।

उनका अनुसार बक्यौता बुझाउने सात दिने समय सकिएपछि बक्यौता रकम नबुझाउने सम्बन्धित एयरलाइन्सका सञ्चालकलाई विदेश भ्रमण रोक्नेदेखि बैंक खाता रोक्का गरिनेछ । महानिर्देशक अधिकारीले भने, 'यो सूचनापछि तुरुन्तै प्रवेशाज्ञा रोक्का हुन्छ । विदेश भ्रमण र नेपाल भरका बैंक खाता रोक्का गरिनेछ ।'

विमानस्थल सेवा शुल्क नियमावलीअनुसार ती सञ्चालक तथा कम्पनीले भविष्यमा हवाई सेवा, विमानस्थल तथा प्राधिकरणसँग सम्बन्धित कुनै पनि प्रकारको सेवा लिन नपाउने प्राधिकरणले जनाइएको छ ।

## मतदाता...

देशब्यापी दौडाहामा छन् । नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले पनि केपी ओलीको पार्टीलाइ मत नहाल्न अपील गरेका छन् । 'आगामी निर्वाचनमा केपी ओलीले सबैभन्दा ठूलो सजाय पाउनुपर्छ । उनको बाकसमा जिरो मत पाउनुपर्छ' खनालको अपील छ, 'तब मात्र नेपाली जनताले सही ढंगले संवधानको रक्षा गरेको ठहर हुन्छ ।' चुनाव नजिएपछि गाउँ पस्ने र घोषणापत्रमा उल्लेख भएका काम नगर्ने प्रवृत्तिका कारण दलहरुदेखि जनता निराश छन् ।

## दुई...

धर्मराज कुँईकेललाई मधेश प्रदेशमा सरुवा गरिएको छ । सरकारी वकिल समूहका ६ जनाको पनि सरुवा भएको छ । कानुन, न्याय तथा सरकारी वकिलतर्फका उपसचिव र केही दर्जन शाखा अधिकृतको पनि सरुवा गरिएको छ । यस्तै, नवनियुक्त शाखा अधिकृतलाई पदस्थापन गर्ने निर्णय पनि भएको छ ।

## मञ्चको...

प्रतिवेदनहरू सोही दिन पारित भएका थिए । आइतबार अध्यक्ष पदका लागि मात्र निर्वाचन भएको हो । दुई वर्षे कार्यकालका लागि मञ्चको ३५ सदस्यीय कार्यसमितिको निर्वाचन हुनुपर्ने भएपनि उपाध्यक्षलगायत पदाधिकारीमा सहमतिमा जिम्मेवारी बाँडफाँड गरिने बताइएको छ ।

पाँच उपाध्यक्षमा जनक रावल, तेजमाया लिम्बू, राम कुमार राई, देउमान नेम्वाङ, सरिता घले, सञ्जु गुरूङ, डिक बहादुर खत्री र सोम बहादुर तामाङ गरी ८ जनाको उम्मेद्वारी परेकोमा सोम तामाङले उम्मेदवारी फिर्ता लिएको बताइएको छ । माथिल्लो पदमा उम्मेद्वारी दिएका व्यवसायीहरूलाई सहमतिमा एक एक तह तल्लो पदको जिम्मेवारी दिएर व्यवस्थापन गरिने बताइएको छ । महासचिवमा दलवीर भण्डारी र श्याम कुमार खरेल, दुई उपमहासचिवमा मिलन कट्टेल, दण्डपाणि भट्टराई दिलिप र होम प्रसाद तिमिल्सिनाको उम्मेद्वारी परेको छ । त्यसैगरी ७ जना सचिवमा मदन पौडेल, सुशील केसी, हरि बहादुर ठाडा मगर, अमृत बिश्वकर्मा, बेनी बहादुर कार्की, धनमाया सिंजाली र राजेन्द्र अधिकारीको उम्मेद्वारी परेको छ । एक कोषाध्यक्षमा शिवहरी मैनालीको उम्मेद्वारी परेको छ । २५ सदस्यमा जनक पौडेल, हरि डाँगी, आङछिरिङ शेर्पा, भीष्म शिवाकोटी, खेमनाथ गौतम, माधव प्रसाद भुर्तेल, दिपक आचार्य, उमेश महतो, सुर्य बहादुर डाँगी, विनोद बिष्ट, मोहन प्रसाद आचार्य, श्यामचन्द्र खतिवडा र रेशम लामिछानेको मात्र उम्मेद्वारी परेको निर्वाचन समितिले जनाएको छ ।

## पाण्डेद्वारा...

पूर्व अध्यक्षहरूले दोहोरो भूमिका खेलेको भन्दै क्षेत्रीले मञ्चका अगुवाहरूमा नेतृत्व क्षमताको अभाव रहेकोले मञ्च र संघको राजनीतिमा कहिल्यै नफर्किने निर्णय गरेको समेत बताए ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७८/१२/०७**

**भागेश्वर ग्वासी एजुकेशनल फाउण्डेशन डडेल्धुरा प्रा.लि.** को मिति २०७४/१२/०७ गते बसेको विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **हुनैनाथ इङ्गलिस बोर्डिङ्ग स्कुल कञ्चनपुर प्रा.लि. (प्रा.लि.नं.: १५०६५०)**, कायम गर्ने गरी मिति २०७४/१२/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Qatar मा रोजगार** | **1. Al Badiya Trading & Contracting Co**

पूर्व स्वीकृती मितिः २०७८/१२/०६ | चलानी नं. ६०१७६१६४ | LT No.: 259741

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Technician | 1 | [illegible] | 1200 | 80,१२१/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २ | Foreman | 1 | [illegible] | 2500 | ८३,५८६/- | | | | | | | |

[illegible]

**अन्तरवार्ता २०७८ चैत १४ गते (28 March 2022) यस प्रा. लि. को कार्यालय बसुन्धारा काठमाडौंमा हुनेछ ।**

[illegible]

**AAROHI H.R. SOLUTIONS PVT. LTD.**
Tokha-5, Basundhara, Kathmandu, Tel No.: 4961807, 4962925
Mob. : 9851002451, 9801068586, Email: info@aarohihrsolutions.com

**साउदीमा रोजगार** | कम्पनीः **RAHATI CORNER CONTRACTING**
शहरः **RIYADH**

पूर्व स्वीकृत मितिः २०७८/१२/०६ | चलानी नं.: ६०१७६२३८ | LT. No.:256877

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 8 | 0 | स. काममा दक्ष | 1000 | ३२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १४ गते (28 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.**
Govt. Lic. No.: 341/059/060
पो.ब.नं.: २३४८९, रिङ्गरोड बसुन्धारा–३, काठमाडौं । फोन नं.: ०१–४९८७६०२, ४९८७६०३,
Mobile: 9806930601,9841996571,9841996572,9841996573
Email : Info@trivenioverseas.com, trivenioverseas.nepal@gmail.com Web:www.trivenioverseas.com

**दोधारा चादनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दोधारा चाँदनी, कंचनपुर**
**सुदुरपश्चिम प्रदेश**

**बिषय : दररेट उपलब्ध गरिदिने वारे ।**

**( प्रकाशित मिति : २०७८।१२।०७ )**

प्रस्तुत विषय सम्वन्धमा यस दोधारा चादनी नगरपालिका का लागि 3.81M F.R.P Motor Boat आवश्यक भएकाले तपशिल वमोजिम Motor Boat को तपशिल वमोजिम Specification अनुसार के कति दररेट मा उपलब्ध गर्न सकिन्छ ? सो को दररेट ७ (सात) दिन भित्र यस कार्यालयमा पेश गरिदिन हुन जानकारीका लागि अनुरोध छ ।

**तपशिल :**

| सि.न. | विवरण | Specification | कैफियत |
|---|---|---|---|
| १ | 3.81M F.R.P Motor Boat | Length : 4.25M | |
| २ | | Breath : 1.65M | |
| ३ | | Height : 0.25M | |
| ४ | | Pay Load : 6–8 Person | |
| ५ | | Framing : Internal Stiffener with FRP hollow frames | |
| ६ | | Buoyancy : PU Foam Buoyancy of 2.2 lbs/cft | |
| ७ | | Power : 9.9HP–25HP Mercury/Yamaha outboard | |
| ८ | | Speed : 8–20 Knots depending on the power | |
| ९ | | Feul Consumption : 8L–15L per hour depending on the power, load and throttle | |

**प्रमुख प्रशासकिय अधिकृत**

**हिमा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कालिकाखेतु, जुम्ला**
**कर्णालीप्रदेश, नेपाल**

**आशयको सूचना गरिएको सम्बन्धमा**

**सूचना प्रकाशित मितिः २०७८-१२-०७**

यस हिमा गाँउपालिकाबाट तपशिल बमोजिमको मितिमा तपशिल बमोजिमको निर्माण कार्यको वोलपत्र आह्वान सूचना प्रकाशन गरिए अनुसार पर्न अएका बोलपत्रहरु मध्य तपशिल बमोजिमको बोलपत्रदाता न्युनतम मूल्याङ्कित सारभूतरुपमा ठहर हुन आएकोले, स्विकृतिको लागि सिफारिस भएकोमा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.न | ठेक्का नं. | कामको बिबरण | सूचना प्रकाशित मिति | न्युनतम मूल्याङ्कित रुपमा सारभूत देखिएको बोलपत्र दाता | कबोल अङ्क भ्याट सहित |
|---|---|---|---|---|---|
| 1 | HRM/NCB/WORK/WORKS/2078/79/04 | Ghateghad Mastamadu Sadak Nirman Hima-1 | 2078-12-07 | RNB builders-Jumla | 2424556.7 |

**प्रमुख प्रशासकीय अधिकृत**

# हेल्प मधेसी कतारद्वारा होली उत्सव एवं वनभोज कार्यक्रम

**अजय मिश्र/मध्यान्ह**
दोहा, ६ चैत



हेल्प मधेसी कतार च्यापटरको आयोजनामा होली उत्सव एवं वनभोज कार्यक्रम सम्पन्न भएको छ । च्यापटरले फागु पूर्णिमाको अवसरमा शुभकामना आदानप्रदान तथा साँस्कृतिक कार्यक्रम आयोजना गरेको हो ।

यादव सेवा समाजका अध्यक्ष भोगेन्द्र यादवको प्रमुख आतिथ्यता तथा रामबाबु यादवको विशिष्ट आतिथ्यमा भएको उक्त कार्यक्रममा कतारमा स्थापित विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरु, समाजसेवी, बुद्धिजीवीलगायतको सहभागिता रहेको थियो ।

नेपालीहरुको विशेष चाडपर्वहरुमा भाषा, संस्कार, संस्कृति र मौलिक पहिचानलाई प्रवासमा रहेर पनि संरक्षण सम्बर्द्धन गर्दै नेपाली समुदायलाई मनोरञ्जन दिलाउने उद्देश्य अनुरुप वनभोज तथा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाली समाज कतारका इन्चार्ज मनिष यादवले कोरोना कहरले गर्दा दुई वर्षपछि यसरी एकै स्थानमा भेला भएकाले धार्मिक सद्भाव कायम गरेर शान्तिपूर्ण तरिकाले होली पर्व मनाउन आग्रह गरेका थिए ।

कार्यक्रममा एनआरएनए कतारका अध्यक्ष मोहम्मद मुक्तादा मुसलमान, मधेस प्रदेश समन्वय परिषद् कतारका प्रतिनिधि साकिर अलि, सिरहा सेवा समिति कतारका अध्यक्ष प्रेम मण्डल, धनुषा सेवा समाज कतारका अध्यक्ष जमिर नदाफ, महोत्तरी समाज सेवा कतारका अध्यक्ष इसिलाल पन्डित, सर्लाही सेवा समाज कतारका अध्यक्ष, लक्ष्मिनिया युवाक्लव सिरहाका अध्यक्ष वीरेन्द्र मण्डल, सिरहा सेवा समितिका अध्यक्ष जिबछ यादव, धानुक सेवा समाज कतारका भुतपूर्व अध्यक्ष एवं सल्लाहकार संयोजक सुरेश मण्डललगायतको उपस्थिति थियो ।

त्यस्तै कार्यक्रममा वीरेन्द्र महाराजजी मण्डली, रामकुमार मण्डल, मिथिला कला परिसद, अबुनखला मण्डली, ओल्ड अल रयान मण्डली, रामकुमार दास तथा स्थानीय कलाकारहरुको जोगिरा सहित साँस्कृतिक कार्यक्रममा दर्जनौं कलाकारहरुको प्रस्तुति रहेको थियो । कार्यक्रम हेल्प मधेसी कतारका अध्यक्ष रामकल्याण महतोको सभापतित्वमा सम्पन्न भएको हो ।

# खजुरा क्यान्सर अस्पतालमा बिरामीका चाप बढ्दो



बाँके/मस- बाँके खजुरा क्यान्सर अस्पतालमा पछिल्लो समय बिरामीको चाप बढ्दै गएको पाइएको छ ।

बाँकेमा रहेको सुशील कोइराला प्रखर क्यान्सर अस्पतालले सेवा विस्तार गरेसँगै क्यान्सर अस्पताल खजुरामा उपचारका लागि आउने बिरामीको चाप बढेको हो ।

बाँकेका नागरिकलाई क्यान्सरको उपचारका लागि भरतपुर क्यान्सर अस्पताल चितवन र वीर अस्पताल काठमाडौं पुग्नुपर्ने बाध्यताको अन्त्य भएको छ ।

खजुरामा ब्राकी थेरापी मेसिन जडान गरेर शल्यक्रियाको समेत सेवा विस्तार गरेपछि चितवन र काठमाडौंबाट समेत बिरामी आउन थालेको अस्पतालका मेडिकल फिजिसिष्ट डा.तीर्थराज अधिकारी जानकारी गराए ।

उनले पश्चिम क्षेत्रका बिरामीले आफ्नै ठाउँमै सुलभ र गुणस्तरीय उपचार सेवा पाएको बताए । तीन करोड रुपैयाँ बढीको ब्राकीथेरापी मेसिन जडान गरिएपछि खजुरामा देशभरबाटै बिरामी आउन शुरु गरेका हुन् । अस्पतालमा ब्राकीथेरापी मेसिन जडान गरेपछि पाठेघरको मुखको क्यान्सरको शल्यक्रिया शुरु भएको छ । अस्पतालमा नयाँ प्रविधिको प्रयोग बढिरहेको अस्पतालका निर्देशक कृष्ण आचार्यले बताए ।

अहिले यहाँका बिरामीमा ५० प्रतिशत क्यान्सर र ५० प्रतिशत अन्य रोग छन् । वीर अस्पताल र भरतपुर क्यान्सर अस्पतालमा जाने गरेका बिरामी खजुरा आउन थालेका छन् । ती दुई ठूला अस्पतालमा ब्राकीथेरापी मेसिन बिग्रिएपछि खजुरामा बिरामीको चाप बढेको चिकित्सकहरू बताउँछन् । देशभरमै यी तीनवटा सरकारी अस्पतालमा मात्रै ब्राकीथेरापी मेसिन छन् ।

ब्राकीथेरापी मेसिन प्रयोग गरेर पाठेघरको शल्यक्रिया सात दिनको फरकमा तीनपटक गरिन्छ । तीनपटक शल्यक्रिया गर्दा खजुरामा ४५ हजार रुपैयाँ खर्च लाग्छ । निजी अस्पतालमा यही सेवा लिँदा एक लाख रुपैयाँ खर्च हुने गर्दछ ।


## साउदीमा रोजगारको अवसर

१. कम्पनी : **ARTAL HOTEL COMPANY** शहर : **RIYADH**
पूर्व स्वीकृत मिति: २०७८/१२/०६ चलानी नं.: ६०१७६२३५ **LT. No.: 259913**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : **Contemporary Cooking Foundation To Serve Meals** शहर : **Riyadh**
पूर्व स्वीकृत मिति: २०७८/१२/०६ चलानी नं.: ६०१७६२३४ **LT. No.: 259821**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : **FIRST STEEL COMPANY** शहर : **Riyadh**
पूर्व स्वीकृत मिति: २०७८/१२/०६ चलानी नं.: ६०१७६२३२ **LT. No.: 259822**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 9 | 0 | स. काममा दक्ष | 1000 | ३२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनी : **AL FALWA READY MIX CONCRETE COMPANY** शहर : **Riyadh**
पूर्व स्वीकृत मिति: २०७८/१२/०६ चलानी नं.: ६०१७६२३६ **LT. No.: 259912**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 12 | 0 | स. काममा दक्ष | 1800 | ५८,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

५. कम्पनी : **STEEL TOWER CONTRACTING EST** शहर : **Riyadh**
पूर्व स्वीकृत मिति: २०७८/१२/०६ चलानी नं.: ६०१७६२३७ **LT. No.: 259911**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ चैत १४ गते (28 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सद्रग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No. 709/064/065
**FAZAL INTERNATIONAL PVT. LTD.**
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210


## Barpak Sulikot Rural Municipality
## Office of the Rural Municipal Executive
**Gorkha**

**Request for Sealed Quotation for**

**Operation Of Registration Camp For Vital Events Registration, Social Security And Related Complaint**
**(Date of First Publication: March 21 2022)**

1. Barpak Sulikot Rural Municipality, Gorkha received fund on conditional grant through fiscal transfer of Strengthening Systems for Social protection and Civil Registration (SSSPCR) Project, The Ministry of Home affairs, Department of National ID and Civil Registration, Government of Nepal has received financing from The World Bank toward the cost of the project, and intends to apply part of the proceeds toward payments under the contract for hiring a Firm providing Operation of Registration camp for vital events Registration, Social security and related complaint.
2. Bidding will be conducted through National competitive bidding using a Request for Quotation (RFQ) as specified in the Public Procurement Act and Regulations.
3. Sulikot Barpak Rural Gorkha invites sealed quotation from the qualified consulting firm of the following detail.

| S.N. | Description | Bidding Document fee (non-refundable) | Deadline of bid document purchase | Bid submission deadline (Date and Time) | Bid-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Operation of Registration camp for vital events Registration, Social security and related complaint (NP-DOCR-184870-NC-RFQ) | 1000/- | 4th April 2022 (21th Chitra 2078) | 5th April 2022 (22th Chaitra 2078) Up to 12:00 Noon | 5th April 2022 (22th Chaitra 2078) At 1:00 pm |

4. In case of last date for purchasing, submission and opening of bids falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the bid validity shall be recognized from the original bid submission deadline.
5. The employer reserves the right to amend, accept or reject, wholly or partly, any or all the bids without assigning any reasons whatsoever.

**Chief Administrator Officer**

## INVITATION FOR BIDS

## Bhume Rural Municipality
## Office Of The Rural Municipal Executive
**Khabangbagar,Rukum (East)**
**Lumbini Province,Nepal**

**Invitation for Bids for the construction work under the below mentioned contract.**
**First Date of Publication: 2078/12/07B.S (2022/03/21A.D)**

1. Bhume Rural Municipality (BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP systemwww.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office BRMO Khabangbagar, Rukum (East)on or before 12:00 Noonon 2079/01/07B.S( 2022/04/20A.D) . Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 on2079/01/07B.S (2022/04/20 A.Dat the office of BRMO Khabangbagar, Rukum (East). Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid securityamounting to a minimum of the below mentioned amount which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
6. Bhume Rural MunicipalityKhabangbagar,Rukum (East)reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
   Name of the Bank: Citizens Bank International Ltd. ,Bhume branch
   Name of Office:Bhume Rural Municipality, Khabagbagar,Rukum(East)

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c name | GA 1.1 BhumeGa.PaAantarikRajaswaKhata | GA 3 Bhume Ga.pa. DharautiKhata |
| A/c No. | 0780100000001202 | 0780100000030201 |
| | | |

7. The Name and identification no of the contracts are as follows.


| S.N. | Description of Works | Contract ID | Estimated Amount (with VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount(NRs.) |
|---|---|---|---|---|---|
| 1 | Construction of Ku-chibang-Simkhola-Lawang Road(3rd phase) | EGP/BRMO/NC-B/3W-01/2078-79 | 48,19,628.09\|-( Forty eight lakh nineteen thousand six hundred twenty eight rupee and nine paisa only) | 3000.00\|- (Three thousand only) | 1,20,500.00\|-( One lakh twenty thousand and five hundred only) |

**Chief Administrative Officer**


**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाई पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नौ ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.







तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
**VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.**
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
७ चैत २०७८, सोमबार
21 March 2022, Monday

सम्पादकीय

## देश देखाउने तस्बिर

दलहरूको आमसभा र नेताहरूबीच चलेको आरोप-प्रत्यारोपले मुलुक चुनावमय बनेको संकेत गर्छ। सरकारले आगामी ३० वैशाखमा स्थानीय चुनाव गर्ने निर्णय गरेकाले दलहरूको चुनावी सभा शुरू भएको छ। प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली चुनाव केन्द्रीत सभाहरूमा सहभागी हुन थालेका छन्। आइतबार इलामको कन्याममा आयोजित सभा सम्बोधन गर्न अध्यक्ष ओली, उपाध्यक्ष सुवास नेम्वाङ सहित नेताहरू पुगेका थिए। सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड आइतबार नै सुर्खेतमा आयोजित सभा सम्बोधन गर्न पुगे। ओली र प्रचण्डले चुनाव केन्द्रीत अभिव्यक्ति दिएका थिए। २०७४ को निर्वाचनको प्रदेश तथा प्रतिनिधिसभा चुनावमा भने ओली र प्रचण्ड गठबन्धन दलका प्रमुखहरू थिए। तर एमाले र माओवादी केन्द्रको एकता जोगिएन।

अहिले ओली र प्रचण्डसँगै एमालेबाट अलग भएर बनेको नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल पनि अलग चुनावी सभा गर्दै हिडेका छन्। चुनाव नियमित प्रक्रिया भएको र चुनावमा दलहरूको भूमिका प्रधान हुने भएकाले नेताहरूको दौडधुपले अर्थ राख्छ। तर आइतबार देखिएको अर्को तस्वीरले मुलुकको वास्तविक दृष्य देखाएको थियो। वैशाखमा हुने स्थानीय चुनावका निम्ति नेपाल प्रहरीले म्यादी (अस्थायी प्रहरी) का निम्ति आवेदन लिन थालेको छ। एक लाख म्यादीको आवेदन लिने प्रहरीले सूचना सार्वजनिक गरेसँगै फारम भर्नेको लर्को देखियो। कतिसम्म भने कतिपय महिलाहरू शिशु साथमा लिएर लाइनमा बसेका तस्वीर सार्वजनिक भएको छ।

राजधानी उपत्यकासहित देशभर आवेदन दिनेको लहर लागेको तस्वीरले दलका चुनावी सभाहरूलाई गिज्याइरहेको थियो। नेताहरूको भाषणमा ती बेरोजगार युवालाई सम्बोधन थिएन। एकअर्कालाई आरोप र प्रत्यारोपमा समय खर्चिएका थिए। जबकी राजनीतिको शीर्ष स्थानमा नागरिक हुन्छन्, र म्यादीकै निम्ति लागेको लहरले बेरोजगारी संख्याको भयावह प्रकट गर्थ्यो। हुन त वैदेशिक रोजगारीमा जानेको लहर देख्ने बानी परेका आँखालाई म्यादी प्रहरीको आवेदनको लहर सामान्य हो। तर चुनावको तयारी भइरहनु, तिनै चुनावका निम्ति म्यादीमा आवेदन दिनेको लहर देखिनु, तर मुलुकको नेतृत्व गर्ने नेताहरूमा भने तुष मात्रै देखिनु असामान्य हो। मुलुकका निम्ति लज्जा हो।

# गठबन्धन निर्माणको होडबाजी

**पछिल्ला चुनावहरूमा दलीयभन्दा पनि गठबन्धनबीच चुनावी प्रतिस्पर्धा बढी अभ्यासमा आएको पाइन्छ। गठबन्धनको स्वरूपहरू केवल प्रतिशोध, बदला र सत्ता लिप्सामा आधारित भएको देखिन्छ।**

अग्रलेख



● विष्णु पन्त

### दलीय प्रतिस्पर्धाको अन्त्य

वैशाखमा स्थानीय तहको चुनावको घोषणा गरिएको छ। अहिलेसम्मको अवस्था हेर्दा, वैशाखमै चुनाव हुने सम्भावना निकै न्यून छ। चुनावको विषयमा विभिन्न दलहरूका आ-आफ्नै स्वार्थहरूको टकराब देखिएका छन्। स्थानीय चुनाव पहिला कि संघीय चुनाव पहिला भन्ने विषयमा पनि विवादहरू कायमै छन्। तीन वटै निकायका चुनाव एकैचोटी किन नगर्ने भन्ने बहस र तर्कहरू पनि छन्। संवैधानिक र कानूनी जटिलताका बीच दुई चरणकै चुनावको तयारी भइरहेको छ भनेर भन्न सकिन्छ।

पछिल्ला चुनावहरूमा दलीयभन्दा पनि गठबन्धनबीच चुनावी प्रतिस्पर्धा बढी अभ्यासमा आएको पाइन्छ। गठबन्धनको स्वरूपहरू केवल प्रतिशोध, बदला र सत्ता लिप्सामा आधारित भएको देखिन्छ। अघिल्लो चुनावको परिदृश्यलाई स्मरण गर्ने हो भने शुरूमा स्थानीय चुनावमा माओवादी केन्द्र र नेपाली कांग्रेसबीच तालमेल भएको थियो। त्यो तालमेलको मूल उद्देश्य एमाले हराउ अभियान थियो। स्थानीय चुनावबाट धम्क्याएर एमालेसँग एकता गर्नु माओवादी केन्द्रको उद्देश्य थियो। अन्तत्वगत्वा संघीय चुनावमा एमाले र माओवादी केन्द्रबीच पार्टी एकता नै गर्ने गरी चुनावी तालमेल भएको थियो। अघिल्लो चुनाव पछिको ५ वर्षहरू बित्ने क्रममा छन्। धेरैले आगामी वर्ष अर्थात् २०७९ लाई चुनावी वर्षका रूपमा पनि व्याख्या गर्दैछन्। अबको चुनाव कस्तो होला भन्ने प्रारम्भिक विश्लेषणहरू शुरू भएका छन्।



वर्तमान सत्ता गठबन्धनले भनेको छ कि यो गठबन्धन चुनावसम्मै कायम हुनेछ। एमसीसी सम्झौतालाई सदनबाट पास गर्ने सबालमा यस्तो सम्झौताको नवीकरण जोडतोडले गरिएको पनि छ। फेरि पनि प्रचण्डको दाऊ विगतमा जस्तै गठबन्धनको हतियारबाट एमालेलाई तर्साउनु र धम्क्याउनु हो। उनीहरूको उद्देश्य फेरि पनि एमालेसँग एकता गर्नु हो। प्रश्न फेरि पनि उठ्ने छ कि यो गठबन्धन कहिलेसम्म कायम रहला ? एमसीसीको विषयमा ठूलो र गोप्य लेनदेन पछि यो गठबन्धन पुर्नजीवित त भएको छ तर, कहिलेसम्म ? माओवादी केन्द्र र प्रचण्डको स्पष्ट रणनीतिक उद्देश्य छ- एमालेसँग फेरि एकता गर्ने। ओलीलाई पनि दबाब त आएकै छ, फेरि पनि एकता गर्ने दोस्रो तहका नेताहरूबीच भेटघाट र छलफल बाक्लीएका समाचारहरू पनि आइरहेकै छन्। घनश्याम भुसालले त फेरि पनि वाम एकताको विकल्प नभएको विचारलाई सार्वजनिक गरिसकेका छन्। फेरि पनि ओली र दाहालबीचको दुरीले नै उठेका प्रश्नहरुको निर्धारण गर्नेछ।

कांग्रेस र कम्युनिष्टबीचको गठबन्धनलाई जनताले विश्वास गरेका छैनन्। यो गठबन्धनले जनतामा उत्साहभन्दा बढी निराशा र वितृष्णालाई मात्रै बढाएको छ। गठबन्धनभित्रै पनि विश्वासको संकट छ भन्ने कुराको प्रमाण एमसीसीको विषयमा भएको मतमतान्तरबाट देखिएको थियो। एमसीसी पास गर्न सहयोग गर्ने भए गठबन्धन टुट्छ भन्ने प्रधानमन्त्री देउवाको चेतावनीले पनि त्यही सत्यलाई प्रष्ट पार्छ। अन्त्यमा एमसीसी पास गरेरै भएपनि गठबन्धन जोगिएकोमा प्रचण्ड र माधवको जीतले सास काडे। टुटिसकेको वा फुटिसकेको गठबन्धन फेरि जोगिन सफल त भएको छ तर, यो कहिलेसम्म भन्ने

> 6 गठबन्धनको होडबाजी आफैंमा निरंकुशता तर्फको यात्रा हो। जहाँ दलीय प्रतिस्पर्धाको अन्त्य हुन्छ। अहिलेको संविधान, कानुन र निर्वाचन प्रणालीले विस्तारै दुई दलीय पद्धतितर्फ देशलाई धकेल्दै छ। यस्तो अभ्यासमा प्रतिस्पर्धा हुँदैन र भागवण्डा मात्रै हुन्छ। चुनाव पनि भागवण्डामा गर्ने भएपछि हामी कस्तो लोकतन्त्रको अभ्यास गर्दै छौं ? प्रश्न गम्भीर छ।

प्रश्नको जवाफ कसैसँग छैन। तथ्य यही छ कि स्वयम् गठबन्धन भित्रै पनि विश्वास हराएको छ किनकी यो नामबाट हेर्दा पनि अप्राकृतिक गठबन्धन जस्तो देखिएको छ। नयाँ गठबन्धनका लागि यो गठबन्धन आधार बन्छ या संघीय चुनावसम्मै यही कायम रहन्छ भन्ने प्रश्न चिन्ह छ। यो प्रश्नको जवाफ केपी ओली र एमालेले गर्ने निर्णयबाट निर्धारित हुनेछ। इतिहासबाट पनि सिद्ध भएको कि बाम गठबन्धनभन्दा जनताले विश्वास गर्छन् भने कांग्रेस र कम्युनिष्टबीचको गठबन्धनलाई जनताले त्यति विश्वास गर्दैनन्।

### गठबन्धनको होडबाजी

दलीय प्रतिस्पर्धाबाट विस्तारै गठबन्धनको होडबाजी तर्फ देश धकेलिँदै छ। पहिलो संविधानसभाको निर्वाचनबाट संविधानसभाभित्र धेरै दलहरूको प्रतिनिधित्व भएको थियो। पछि त्यो सम्भावनालाई बन्ध्याकरण गराउँदै लगियो। धेरै साना दलहरूको अस्तित्वलाई संसदबाट वा चुनावी प्रक्रियाबाट निषेध गरियो। यसको अर्थ हो धेरै साना दलहरू संसदबाट लोप भए वा हराए। अहिले त्यही संकटमा माओवादी केन्द्र र एकीकृत समाजवादी छन्। यदि स्वतन्त्र ढंगले दलीय प्रतिस्पर्धा गर्ने हो भने माओवादी केन्द्र र एकीकृत समाजवादी संसदबाट डाइनोसर जस्तै लोप हुनेछन्। लोप हुनबाट बच्नका लागि गठबन्धनको साहार लिइँदै छ। कांग्रेस वा एमालेको उनीहरूको अस्तित्व बचाइदिने छन्। बाँच्नका लागि वा अस्तित्वका लागि संघर्ष कति पीडादायक छटपटीपूर्ण र अपमानजनक हुन्छ भन्ने कुरा माओवादी केन्द्र र एकीकृत समाजवादीलाई हेरे पुग्छ। वर्षाको भेलले कहिलेकाहीँ खोलालाई एकछिनका लागि अर्कै ठाउँमा बगाई दिन्छ र तुरून्तै पुरानै ठाउँमा फर्किन्छ। पानीको बहावबाट छलिएका माछाहरूको जीवन जस्तै उनीहरूको जीवन छटपटाएको छ। संसद र सरकारभन्दा बाहिर एकछिन पनि बाँच्न र बस्न नसक्ने माओवादीहरूको हविगत आगामी चुनाव पछि कस्तो होला, त्यो अहिले नै भन्न सकिँदैन। प्रश्न भने उठिरहेको छ, फेरि पनि उनीहरू पुनर्जीवन पाउलान् वा मृत्युवरण गर्लान् ? म चाहन्छु दोस्रो विकल्पमा नजाउन र उनीहरूले पुनर्जीवन पाउन अर्थात् उनीहरूले तीनै तहका चुनावमा केही सिट जितुन्।

गठबन्धनको होडबाजी आफैंमा निरंकुशता तर्फको यात्रा हो। जहाँ दलीय प्रतिस्पर्धाको अन्त्य हुन्छ। अहिलेको संविधान, कानुन र निर्वाचन प्रणालीले विस्तारै दुई दलीय पद्धतितर्फ देशलाई धकेल्दै छ। बैंक, कम्पनीहरूमा मर्जिङ्ग भनेजस्तै दलहरू पनि गठबन्धनको अभ्यासमा जाँदैछन्। यस्तो अभ्यासमा प्रतिस्पर्धा हुँदैन र भागवण्डा मात्रै हुन्छ। चुनाव पनि भागवण्डामा गर्ने भएपछि हामी कस्तो लोकतन्त्रको अभ्यास गर्दै छौं ? प्रश्न गम्भीर छ। यदि भागवण्डाको चुनाव जित्ने हो किन यति ठूलो राष्ट्रिय बजेटको नोक्सानी गर्ने ?

### निष्कर्षमा,

दलहरुबीचको प्रतिस्पर्धा लोकतन्त्रको मूलभूत एजेण्डा हो। प्रतिस्पर्धा स्वच्छ र एजेण्डागत रुपमा हुनुपर्छ। तर, लोकतन्त्र प्राप्ति पछिका वर्षहरुलाई हेर्दा प्रतिस्पर्धा दलीय वा एजेण्डागत नभई गठबन्धन निर्माण गर्ने र एकले अर्कोलाई सिध्याउने खेलमा मात्रै केन्द्रीत भएको छ। यो न त लोकतान्त्रिक व्यवस्था हो न त जनताको चाहना। यो त विकृत राजनीतिको पराकाष्ट मात्रै हो। यसले जनताका आम समस्याहरुलाई हल होइन बढाएर लैजान्छ। जनतालाई विकल्प विहिन बनाउँदै लैजान्छ। राजनीति लगाम बिनाको हुन्छ। लोकतन्त्रको अस्मिता नै नष्ट गर्ने गरि शुरु भएको यो खेललाई तत्कालै बन्द गर्नुपर्छ। जनताले यसको विकल्पका निम्ति संघर्ष गर्नुको विकल्प छैन। नत्र दलीय होइन, गठबन्धन बनाउने प्रतिस्पर्धाले व्यवस्था र मुलुकलाई नै संकटतर्फ लैजान्छ।

सामाजिक सञ्जाल



- बाबुलाल भण्डारी

देखाएर होस् वा लुकाए जस्तो गर्ने होस् विदेशीका बुख्याचा नेता र दलहरू यो देशको बर्बादीका कारण हुन् भन्ने जनतालाई राम्रो थाह छ। तर, समस्या कहाँ छ भने चुनाव आएपछि तिनै नेता र दलले सारा जनतालाई चुनावी रंगमा यसरी रंग्याइदिन्छन् कि उनीहरू सम्मोहनको अवस्थामा सबैकुरा भुलेर छाप हान्छन्!



- विष्णु ढकाल

हजुरबुबाले भन्नुहुन्थ्यो, सकेसम्म गुन र नुन पैंचो दिएको फिर्ता नलिनु! यी दुबै चिज अभाव भएकाले लिने हुन् फिर्ता लिए बिर्सन सक्छन्। यो सोच त्यति राम्रो त होइन जस्तो लाग्छ, सधैं कसैलाई ऋणी बनाउने तर, पनि उहाँको यो भनाइमा सकेसम्म अडिग रहँदा भविष्यमा कुनै ठूलै विपत्ति परे काम लाग्छ कि!



- सुशिल न्यौपाने

प्रकाश सपूतले उनको गीत इडिट गरेछन्। रहरले गरे या सम्झौतामा, त्यो उनको कुरा हो, एक तिहाई जनसंख्याले हेरे पछि इडिट गर्नुको अर्थ सम्बन्धितले जानुन्। तर, पुष्पकमल-बाबुरामले उनीहरूको जीवनका गलत पाटाहरू इडिट गर्न सक्छन् ?



- मधुरमण आचार्य

देशको हालत बिगार्ने कुरामा नेता र राजनीतिक कार्यकर्ता मात्र जिम्मेवार छैनन्, प्राध्यापक, शिक्षक, राष्ट्रसेवक कर्मचारी, पत्रकार, वकील, इन्जीनियर, चिकित्सक वा अन्य कुनै सम्मानित पेशामा रहेर पनि कुनै राजनीतिक दलको झोला बोकेर हिंड्न रमाइरहेका पेशाकर्मीहरू पनि उत्तिकै भागीदार छन्।



- विनय अधिकारी

अर्थशास्त्रको विद्यार्थी भएको नाताले भन्दैछु जनार्दन शर्मा अहिलेसम्मकै असफल अर्थमन्त्री हुन्। पुँजीगत खर्च २० प्रतिशत हुन सकेको छैन, मुद्रास्फीति ७ प्रतिशत आसपास छ, खासै वैदेशिक लगानी, अनुदान र ऋण भित्र्याउन सकेका छैनन्। अहिलेको तरलता अभावबारे के गर्ने, ज्ञान नै छैन।

# एजेन्डा बिनाको मधेश राजनीति

**मधेश विद्रोह शासक वर्गका लागि ठूलो चुनौतीको विषय थियो। बढ्दो जनसंख्याको चापले एकदिन मधेशी शासकको रूपमा राज्यलाई कब्जा नगरोस् भन्ने अज्ञात भयबाट पीडित शासक वर्गले आपसी मतान्तरलाई बिर्सि संविधानसभामा सबै राजनीतिक दल एक भएका थिए। काठमाडौं ताक्ने मधेशीहरूलाई आफ्नै ठाउँमा बस्न र अधिकार खोज्न अहिलेको संविधान ल्याएर नियन्त्रणमा राख्ने प्रयास गरियो।**

टिप्पणी



● उपेन्द्र झा

मधेशले संगठित सशक्त विद्रोह गरेको १५ वर्ष बित्यो। यो लामो अवधिमा मधेशले चाहेको प्रादेशिक संरचना, राज्यको हरेक अंग र तहमा समानुपातिक प्रतिनिधित्व, सेना र प्रहरीमा जनसंख्याको आधारमा भर्ना गरिने आदि मूलभूत कुराहरू सम्बोधनबाट बञ्चित राखी अरू साना कुराहरूमा पनि राखिएको विभेदमा खुकुलोपन दिएर मधेशीको चित्त बुझाउने काम गरियो। मधेशको अविस्मरणीय विद्रोह जहाँ सयकडौं शहादत भयो, सयकडौं घाईते, अपाङ्ग भएर मानिस कष्टप्रद जीवन जिउन बाध्य बनेका छन् त्यसको बदलामा मधेशले केही पाउन सकेको छैन। उपरोक्त अधिकारको नीतिगत सम्बोधन आवश्यक थियो, नियतवश हुन दिईएन। फलतः मधेश जहाँको त्यहीँ रह्यो।

मधेश विद्रोह शासक वर्गका लागि ठूलो चुनौतीको विषय थियो। बढ्दो जनसंख्याको चापले एकदिन मधेश शासकको रूपमा राज्यलाई कब्जा नगरोस् भन्ने अज्ञात भयबाट पीडित शासकवर्गले आपसी मतान्तरलाई बिर्सि संविधान सभामा सबै राजनीतिक दल एक भएका थिए। काठमाडौं ताक्ने मधेशीहरूलाई आफ्नै ठाउँमा बस्न र अधिकार खोज्न अहिलेको संविधान ल्याएर नियन्त्रणमा राख्ने प्रयास गरियो। मधेशलाई नेतृत्व गर्ने केही राजनीतिकर्मीहरूलाई राज्यले उच्च दर्जाका मन्त्री पद तथा उच्च सम्मान दिएर तेजोबध गरि मधेशको राजनीतिक धरातलमा बदनाम गराएर राख्यो। मधेशलाई ६ टुक्रामा विभाजन गरि ८ जिल्लाको एक टुक्रालाई मधेश प्रदेश बनाएर सुम्पिदा मधेशका राजनीतिकर्मीहरूले बडो खुशीका साथ आफ्नो सरकार बनायो। सरकार पाएको खुशीमा मधेशका राजनीतिकर्मीहरूले एकपल्ट पनि शासकवर्गसंग 'हाम्रो मधेशको अरू भूभाग खोई' भनेर सोधेन। मधेशलाई अधिकार दिलाउने नेतृत्व मण्डल अहम् नीतिगत कुराहरू राख्न पनि डराए। पाएको सामान्य अधिकार पनि खोसिने डरले थाती राखिएको राज्य पुनरसंरचनाको कुरा उठाउन पनि छोडे।

